# मेचीनगर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ईटाभट्टा,झापा
कोशी प्रदेश नेपाल

नगर कार्यपालिकाको कार्यालय ईटाभट्टा, झापा कोशी प्रदेश, नेपाल

प. सं. ०७९।०८०
च. नं. ४६८१

मिति :२०८०/०३/१७

**करारमा पदपूर्ति गर्ने सम्बन्धी सुचना**

प्रथम पटक प्रकाशित मितिः २०८०/०३/१७

प्रस्तुत विषयमा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनःएकिकरण परियोजना सञ्चालन मार्गदर्शन, २०७९ को दफा ९ को उपदफा ३ सँग सम्बन्धित अनुसुची २ बमोजिम करारको माध्यमबाट पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले मेचीनगर नगरपालिका पदपूर्तिको सुचना प्रकाशन गरेको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजस्व बुझाएको रसिद सहित कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्रसं. | विज्ञापन नं | पद | तह | आवश्यक संख्या |
|---|---|---|---|---|
| १ | ०२/२०७९-८० | पारिवारिक परामर्शकर्ता | स्थानीय सेवाको सहायक छैठौं सरह | १ जना |
| २ | ०३/२०७९-८० | रोजगार परामर्शकर्ता | स्थानीय सेवाको सहायक छैठौं सरह | १ जना |
| ३ | ०४/२०७९-८० | सामाजिक परिचालक | स्थानीय सेवाको सहायक पाँचौ सरह | २ जना (१ जना महिला अनिवार्य) |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः**

**पारिवारिक परामर्शमर्ता**

क. मान्यताप्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान समाजशास्त्र, सोसियल वर्क, पब्लिक हेल्थ, बि.एड. स्वास्थ्य शिक्षामा स्नातक तह उत्तर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ वा हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको ।

ख. सम्बन्धित विषयमा कार्य अनुभव भएको, स्थानीय भाषामा दखल भएको र स्थानीय बासिन्दालाई प्राथमिकता हुनेछ ।

**रोजगार परामर्शकर्ता**

महेश पराजुली
प्रमुख प्रशासकीय अधिकृत

फोन :- ०२३-५६२०७७, ५६२२१२, ५६२२३३, ५६२४३७, दमकल :- ५६२५०४, फ्याक्स :-५६२४३७,
Web Site : www.mechinagarmun.gov.np, email :mechinagarmun@gmail.com

# मेचीनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ईटाभट्टा,झापा
कोशी प्रदेश नेपाल

प. सं. ०७९।०८०
च. नं. ४६२१

मिति :२०८०/०३/१७

क. मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तिर्ण गरी व्यवसायिक परामर्श कार्य वा उद्यम विकास सहजकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभल पुरा गरेको र रोजगार प्रवर्द्धनको क्षेत्रमा कम्तिमा पनि १ वर्ष कार्य गरेको ।

ख. वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको र स्थानीय बासिन्दालाई प्राथमिकता हुनेछ ।

**सामाजिक परिचालक**

क. मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ उत्तिर्ण गरी बैदेशिक रोजगारीबाट फर्केको ।

ख. वैदेशिक रोजगारीबाट फर्केको स्थानीय भाषामा दखल भएको र स्थानीय बासिन्दालाई प्राथमिकता हुनेछ ।

२. **दरखास्त दिने स्थानः** मेचीनगर नगरपालिका

३. **दरखास्त दिने अन्तिम मितिः** मेचीनगर नगरपालिकाले पदपूर्तिको सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

४. **आवेदन दस्तुरः** पारिवारिक परामर्शकर्ता र रोजगार परामर्शकर्ताको हकमा रु १०००/- (एक हजार मात्र) र सामाजिक परिचालकको हकमा रु ५०० -/(पाँच सय मात्र) ।

५. **छनौट किसिमः** सूचना तोकिएको म्याद भित्र प्राप्त हुन आएका निवेदन मध्ये बाट योग्य ठहरिएका आवेदकहरु मध्येबाट अधिकतम १० जना र नभएमा उपलब्ध संख्याका उम्मेदवारको प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गरिनेछ र सोही उम्मेदवारहरुको लिखित तथा प्रयोगात्मक परीक्षा हुनेछ।

६. **आवेदन साथ संलग्न कागजातहरुः आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु**

घ. नागरिकता
काम सँग सम्बन्धित अनुभव भए सो को कागजात .ब

ङ. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
ङ.तालिमको प्रमाणपत्र .

च. चारित्रिक प्रमाणपत्र
च.प्रति पासपोर्ट फोटो २ .

७. **सेवा सुविधा तथा अन्यः** वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिका लागि पुनःएकिकरण (ReMi) परियोजनाको वार्षिक कार्यक्रममा तोकिए बमोजिम ।

महेश पराजुली
प्रमुख प्रशासकीय अधिकृत